MSFP
Multi Stakeholder Forestry Programme
बहुसरोकारवाला वन कार्यक्रम

# जिल्लास्तरीय जलवायु परिवर्तन आकस्मिक कोष परिचालन कार्यविधि

## बागलुङ



LI-BIRD

Alliance Nepal

# जलवायु परिवर्तनका असरबाट प्रभावित व्यक्ति तथा समुदायलाई राहत एवम् पुनर्स्थापनामा सहयोगका लागि जिल्ला वन समन्वय समितिअन्तर्गत स्थापना गरिएको 'जलवायु परिवर्तन आकस्मिक कोष परिचालन कार्यविधि-२०७१'

## पृष्ठभूमि

अव्यवस्थित शहरीकरण, औद्योगिकीकरण, वनविनाश जस्ता मानवीय क्रियाकलापहरूले गर्दा पृथ्वीको वायुमण्डलमा हरितगृह ग्यासको मात्रा अत्यधिक रूपमा बढिरहेको छ । वैज्ञानिक तथ्याङ्क अनुसार हरितगृह ग्यासको वृद्धि नै पृथ्वीमा तापक्रम वृद्धिको मुख्य कारण हो । तापक्रम वृद्धिका कारण जलवायुमा देखिएको परिवर्तनले पानी पर्ने समय फेरिने, छोटो समयमा धेरै पानी पर्ने, मुख्य गरी धेरै गर्मी तथा सुक्खा दिनहरूको सङ्ख्यामा वृद्धि आउनेजस्ता समस्याहरू देखिएका छन् । यस्ता कारणले वनडढेलामा वृद्धि, कृषि तथा पशुरोग बढ्ने, कृषि-उत्पादनमा कमी आउने, पानीका मुहान सुक्ने, बाढी, पहिराको प्रकोपमा वृद्धि भई भौतिक पूर्वाधारमा क्षति पुऱ्याउने जस्ता समस्याहरूलाई निम्त्याउँदछ । खास गरी जलवायु परिवर्तनको असरको अंश जगदमबा (जनजाती, गरिब, दलित, महिला, बालबालिका तथा बृद्ध-बृद्धा) हरूमा बढी पर्ने भएकोले यस वर्गलाई जलवायु परिवर्तनबाट सृजित समस्यामा सहयोग पुऱ्याउने उद्देश्यले जिल्लास्तरमा यो आकस्मिक कोषको व्यवस्था गरिएको हो ।

जलवायु परिवर्तनका समस्याबाट प्रभावित व्यक्ति तथा समुदायको राहतका निमित्त २०६७ सालमा जीविकोपार्जन वन कार्यक्रमले जिल्लास्तरीय जलवायु परिवर्तन कोष स्थापना गरेको छ । यो कोष जिल्ला वन समन्वय समितिको खातामा जम्मा भई जिल्ला वन समन्वय समितिमार्फत सञ्चालन भईरहेको छ । यस बागलुङ जिल्लाको जलवायु परिवर्तन आकस्मिक कोष कार्यविधि (२०६७) लाई बहुसरोकारवाला वन कार्यक्रम, ली-बर्डद्वारा पपरिमार्जित गरी जिल्ला वन समन्वय समितिमार्फत २०७१ असार १६ गते अनुमोदन गरिएको छ । परिमार्जित कार्यविधिले विशेष गरी निम्न अनुसारका बुँदाहरूलाई सम्बोधन गेरको छः

- राहत रकम तथा सिफारिस गर्ने निकाय
- जलवायु परिवर्तनको समस्याबाट प्रभावित व्यक्तिलाई मात्र नभई प्रभावित समुदायलाई पनि राहत दिन मिल्ने ।

## उद्देश्यहरू

- कोष कार्यान्वयनका निमित्त संलग्न जिल्लास्थित सरकारी कार्यालयहरू, गैरसरकारी संस्थाहरू र समुदायमा आधारित सङ्घसंस्थाहरूसँग समन्वय गरी प्रभावित व्यक्ति तथा समुदायको पहिचान गर्ने;
- जलवायु परिवर्तनका असरबाट प्रभावित व्यक्ति तथा समुदायको पहिचान गरी राहत तथा पुनर्स्थापनामा सहयोग उपलब्ध गराउने ।

## राहत तथा पुनर्स्थापना सहयोग प्राप्त गर्ने प्रक्रिया

- पहिले स्थानीय निकायहरू (गा.वि.स वा इलाका वन कार्यालय) बाट आवेदन फाराम लिई तोकिएअनुसारको फाराम, (व्यक्ति/समुदाय) भरी गा.वि.स वा इलाका वन कार्यालयमा बुझाउने;
- सामुदायिक वन उपभोक्ता समूहमा आबद्ध भएका घरधुरीहरूको सम्पन्नता स्तरीकरण विधानवमोजिम भर्ने;
- सामुदायिक वन उपभोक्ता समूहमा आबद्ध नभएका घरधुरीहरूका हकमा सम्बन्धित इलाका वन कार्यालय अथवा गा.वि.स. मार्फत सम्पन्नता स्तरीकरण गरी सोवमोजिम भर्ने;
- यस आवेदन फाराममा सिफारिस गर्ने निकाय (गा.वि.स वा इलाका वन कार्यालय वा स्थानीय प्रहरी चौकी) को सहीछाप हुनुपर्ने;
- यस आवेदन फारामसँग सिफारिस गर्ने निकायको आफ्नै संस्थाको पत्रको

ढाँचा (लेटर प्याड) मा प्रभावित व्यक्ति वा समुदायको सपन्नताको स्तरीकरण खुल्ने गरी सिफारिस गरिएको हुनुपर्ने;

- कागजात गा.वि.स वा इलाका वन कार्यालय अथवा आफै जिल्ला वन कार्यालयमा पेश गर्न सकिने;
- विवरणका आधारमा प्रभावित घरधुरी तथा समुदायलाई जिल्ला वन समन्वय समितिको बैठकको निर्णय अनुसार व्यक्तिलाई बढीमा रू १०,०००/- (दश हजार) र समुदायलाई बढीमा २५०००/- (पच्चीस हजार) सम्मको रकम उपलब्ध गराइने;
- सम्बन्धित पीडित वा समुदायले राहत तथा पुनर्स्थापना सहयोगवापत बुझिलिएको रकमको भरपाई जिल्ला वन समन्वय समितिलाई उपलब्ध गराउनुपर्ने ।

## जलवायु परिवर्तन आकस्मिक कोष परिचालनका आधार तथा मापदण्डहरु

(क) जलवायु परिवर्तनका असरबाट सबैभन्दा बढी प्रभावित गरिब एवं घरमूली एकल महिला भएको घरधुरीलाई पहिलो प्राथामिकतामा र ाखी राहत तथा पुनर्स्थापना सहयोग उपलब्ध गराइनेछ ।

(ख) यस कोषबाट प्रकोप पीडितहरूलाई राहत तथा पुनर्स्थापना सहयोग उपलब्ध गराउँदा सामुदायिक वन उपभोक्ता समूहले गरेको सिफारिस एवम् सपन्नता स्तरीकरणका आधारमा प्रभावितमध्ये सबै भन्दा गरिब 'घ' वर्गको पीडित भएमा पहिलो प्राथामिकता 'ग' वर्गको पीडितलाई दोस्रो प्राथामिकता र एवं रितले 'ख' र 'क' वर्गका पीडितहरूलाई क्रमशः प्राथामिकता दिई र ाहत सहयोग उपलब्ध गराईनेछ । त्यसै गरी ८० प्रतिशत भन्दा बढी 'ग', 'घ' र 'ङ' घरधुरी भएको समुदायलाई पनि यस जलवायु परिवर्तन कोषमार्फत सहयोग उपलब्ध गराइनेछ ।

(ग) सामुदायिक वन उपभोक्ता समूहमा आबद्ध नभएका घरधुरीहरूको हकमा सम्बन्धित इलाका वन कार्यालय अथवा गा.वि.स. मार्फत सम्पन्नता स्तरीकरण गरी राहत तथा पुनर्स्थापना सहयोगका लागि सिफारिस गराइनेछ । तत्पश्चात् जिल्ला वन समन्वय समितिबाट माथि 'ख' नं बुँदाबमोजिम सहयोग उपलब्ध गराईनेछ ।

(घ) बाढी पहिरोबाट मानव तथा कृषि जमिनमा क्षति पुऱ्याएको, घरगोठ भत्किएको एवं घर पालुवा जनावर मरेको, वनडढेलोबाट आगो सल्केर घरगोठ एवं अन्य सम्पत्ति नष्ट भएकोजस्ता प्रकोपबाट भएको व्यक्तिगत क्षति र त्यसै गरी बाढी तथा पहिरो बाट समुदायको खानेपानी टङ्की, मुहान र सिँचाइ कुलो भत्केको तथा पुरिएको विवरणका आधारमा प्रभावित घरधुरी तथा समुदायलाई जिल्ला वन समन्वय समितिको बैठकको निर्णय अनुसार व्यक्तिलाई बढीमा रू १०,०००/- (दश हजार) र समुदायलाई रू २५,०००/- (पच्चीस हजार) सम्मको रकम उपलब्ध गराइनेछ ।

(ङ) यदि बुदाँ नं 'घ' भन्दा बढी रकमको माग आएको खण्डमा प्रकोपबाट भएको क्षतिका आधारमा आवश्यक रकम जिल्ला वन समन्वय समितिको बैठकको निर्णय अनुसार व्यक्ति तथा समुदायलाई उपलब्ध गराइनेछ ।

(च) 'वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९' ले तोकिएबमोजिम हात्ती, बाघ, भालु, चितुवा, हिउँचितुवा, अर्ना र जङगली बँदेलले घरमा आई आक्रमण गरी मानव क्षति भएको खण्डमा घटना भएको छ महिनाभित्रमा जिल्ला वन समन्वय समितिमा निवेदन पेश गरिएको हुनुपर्नेछ र घाइते व्यक्तिलाई 'घ' नं बुँदाबमोजिम सहयोग उपलब्ध गराइनेछ ।

(छ) प्रकोप पीडितहरूलाई तत्काल आवश्यक राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउनु कोषको मुख्य उद्देश्य भए तापनि सहयो ग वितरण गर्दा दिगोपनाको सवाललाई मध्यनजर गरी निर्णय लिइनेछ ।

(ज) प्रकोप पीडितहरूलाई राहत तथा पुनर्स्थापना सहयोग वितरण गर्दा नेपाल सरकार एवं

सहयोगी निकायहरूको आर्थिक नीतिनियम तथा मूल्यमान्यताको पूर्ण पालना गरिनेछ ।

(झ) प्रभावित व्यक्ति/समुदायलाई जिल्ला वन समन्वय समितिबाट जुन प्रयोजनका लागि राहत सहयोग उपलब्ध गराइएको हो सोही प्रयोजनमा खर्च गरिएको हुनुपर्नेछ ।

(ञ) जलवायु परिवर्तन समुदाय अनुकुलन योजना तयार गरी आकस्मिक कोषसमेत खडा गरे का सामुदायिक वन उपभोक्ता समूह एवम् गाउँ वन समन्वय समितिहरूबाट राहत कोष प्राप्त गरेको भए सोको समेत जानकारी लिई प्रकोपले पारेको प्रभाव वा पुऱ्याएको क्षतिका आधारमा फेरि यस कोषबाट पनि थप राहत सहयोग उपलब्ध गर्न सकिनेछ ।

(ट) यस कोषको रकम भवितव्यमा परेका व्यक्ति एवं निजप्रति आश्रित परिवारजनको राहत तथा पुनर्स्थापना सहयोगका लागि भएको हुँदा प्रकोप व्यवस्थापन तथा उद्धार मा खटिने व्यक्ति तथा निकायका लागि हुने खर्च जस्तै, दैनिक तथा खाजाभत्ता, इन्धन, सवारीसाधन खरिद तथा भाडाजस्ता शीर्षकहरूमा खर्च गरिनेछैन ।

(ठ) उत्पन्न प्रकोपबाट कुनै सङ्घसंस्था, कार्यालय एवम सार्वजनिक सम्पत्तिमा भएको क्षतिको क्षतिपूर्तिबापत यस कोषबाट कुनै सहयोग उपलब्ध गराइनेछैन ।

(ड) जलवायु परिवर्तन सम्बन्धित कार्यान्वयनमा देखिएका बाधा अवरोध एवम दोहोरोपन हटाउन, अनुगमन प्रणालीलाई व्यवस्थित गर्न एवम जिल्ला वन समन्वय समितिको संस्थागत सुदृढीकरण गर्ने कार्यमा जिल्ला वन समन्वय समितिको कार्यविधि अनुसार सो प्रतिशतको रकम यस आकस्मिक कोषबाट आवश्यकताअनुसार वार्षिक (एकपटक) रूपमा खर्च गर्न सकिनेछ ।

(ढ) एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहन गएको कोषको रकम अथवा आर्थिक दायित्व स्वतः अर्को वर्षमा सर्नेछ ।

(ण) जलवायु परिवर्तन आकस्मिक कोषबाट भएको खर्चको फाँटबारी तथा अभिलेखहरू व्यवस्थित राखिने छन् र पारदर्शिताका लागि वार्षिक रूपमा सार्वजनिक लेखापरीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

(त) कार्यक्रम कार्यान्वयन पश्चात् हासिल गरेको अनुभवका आधारमा आकस्मिक कोष परिचालन प्रक्रियालाई समयसापेक्ष परिमार्जन एवं परिष्कृत गर्दै लगिनेछ ।

## विभिन्न निकायहरुबाट जलवायु परिवर्तन आकस्मिक कोषमा प्राप्त हुन सक्ने सहयोग:

- नेपाल सरकारको सम्बन्धित मन्त्रालय, विभाग तथा निकायहरूबाट जलवायु परिवर्तनको असर न्युनीकरण तथा अनुकूलनका लागि प्राप्त हुने रकम;
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूबाट जलवायु परिवर्तन अनुकुलन योजना कार्यान्वयनका लागि प्राप्त हुने अनुदान;
- स्थानीय निकायहरू (जि.वि.स) को आन्तरिक कोषबाट वातावरणका लागि छुट्याइएको रकम;
- सामुदायिक वन उपभोक्ता समूह, निजी क्षेत्रका उद्योगी, व्यापारी, साहू र महाजनहरूबाट प्राप्त सहयोग रकम;
- अन्य कुनै पनि स्रोत वा किसिमबाट प्राप्त हुन आएको सहयोग रकम ।

**अन्य जानकारीका लागि जिल्ला वन समन्वय समितिको सचिवालय तथा जिल्ला वन कार्यालयमा पनि सम्पर्क गर्न सकिनेछ ।**


थप जानकारीका लागि :

LI-BIRD

जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड)

| | |
|---|---|
| पो.ब.नं. | ३२४, पोखरा, कास्की |
| फोन | ०६१-५२६८३४, ५३५३५७ |
| फ्याक्स | ०६१-५३९९५६ |
| इमेल | info@libird.org |
| वेब | www.libird.org |



तयारकर्ताः मन्जिल शेरचन ◆ आवरण फोटोः बसन्ती परियार

डिजाइनः महेश श्रेष्ठ